# सिंगटी हाइड्रो इनर्जी लि.को

हाडीगाँउ, काठमाण्डौं, फोन नं. ०१-४५४३२०२, ४५४३२०३
Email: shehydro@gmail.com, Web: www.singatihydro.com

## सोह्रौं वार्षिक साधारण सभासम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/२७**

यस सिंगटी हाइड्रो इनर्जी लि.को मिति २०८२/०८/२६ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार कम्पनीको सोह्रौं (पब्लिक लिमिटेड भएपश्चात् आठौं) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण सेयरधनीहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

मिति :- २०८२ साल पौष २१ गते सोमबार ।
समय :- बिहानको ठिक ११ बजे ।
स्थान :- धुम्रबराह भेन्यु, धुम्वाराही, काठमाडौं ।

**वार्षिक साधारण सभामा पेस हुने छलफलका विषयहरू**

(क) सामान्य प्रस्तावहरू :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष ०८१/०८२ को वार्षिक प्रतिवेदन/आर्थिक विवरणउपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. कम्पनीका लेखापरीक्षकद्वारा पेस भएको आ. व. ०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहलगायतका वित्तीय विवरणहरू सहितको लेखा परीक्षण प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. ०८२/०८३ का लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. अन्य आयोजनाको सम्बन्धमा अध्ययन गरी लगानी गर्ने तथा लगानी गर्ने आयोजनाहरूमा कर्पोरेट बैंक ग्यारेन्टी दिने सम्बन्धमा ।
५. विविध ।

(ख) विशेष प्रस्तावहरू :

१. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम बोनस सेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।
२. विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस सेयरको हदसम्म कम्पनीको अधिकृत, जारी र चुक्तापूँजी वृद्धि गर्ने गरी प्रबन्धपत्रको दफा ६ (क), (ख) र (ग) मा संशोधन गर्ने सम्वन्धमा ।
३. कम्पनीले १:१ को अनुपात माहकप्रद सेयर निष्काशन गर्ने सम्बन्धमा ।

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. यस सिंगटी हाईड्रो इनर्जी लिमिटेडको सोह्रौं (पब्लिक लिमिटेड भएपश्चात् आठौं) वार्षिक साधारण प्रयोजनका लागि मिति २०८२/०९/०७ गते सोमबारका दिन यस कम्पनीको सेयर दाखिल खारेज दर्ता कार्य बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०९/०६ गते आइतबार सम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधिभित्रमा यस कम्पनीको सेयर रजिष्ट्रार एनआई एम बि एस क्यापिटल लिमिटेड लाजिम्पाट काठमाण्डौमा प्राप्त सेयर नामसारी विवरणको आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरूले मात्र वार्षिक साधारण सभामा भागलिन र मतदान गर्न पाउने छन् ।
२. वार्षिक साधारण सभामा भागलिने सेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण वा फोटो सहितको परिचयपत्र अनिवार्य रूपमा साथमा लिई आउनुपर्नेछ ।
३. साधारण सभामा भागलिन प्रतिनिधि (प्रोक्सी) नियुक्तगर्न चाहने सेयरधनीहरूले प्रचलित कम्पनी सम्बन्धी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय काठमाण्डौमा प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गराइसक्नु पर्नेछ । कम्पनीको सेयरधनी बाहेक अरुलाई प्रतिनिधिपत्र (प्रोक्सी) दिनपाइने छैन ।
४. सेयरधनी महानुभावहरूको उपस्थिति पुस्तिका साधारणसभा स्थलमा बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।
५. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी वा साधारण सभामा पेश हुने विवरणहरू सम्बन्धमा कुनै जानकारी आवश्यक भएमा कम्पनीको वेभसाइट www.singatihydro.com बाट वाकार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालयको टेलिफोन नं. ०१-४५४३२०२ र ४५४३२०३ बाट प्राप्तगर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**